# म्याङ्लुङ नगरपालिकाको आधारभुत तथा माद्यमिक शिक्षा ऐन २०७४

## पहिलो संशोधन २०७६

म्याङ्लुङ नगरपालिका
तेह्रथुम
प्रदेश नं १, नेपाल

# म्याङ्लुङ नगरपालिकाको आधारभुत तथा माद्यमिक शिक्षा ऐन २०७४

प्रमाणीकरण मिति
२०७४।०७।२५

संशोधन
१. म्याङ्लुङ नगरपालिकाको आधारभुत तथा माद्यमिक (पहिलो संशोधन) शिक्षा ऐन २०७४

प्रस्तावना : नेपालको संविधान बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न यस नगरपालिका तथा देशको विकासको लागि सबै बालबालिका र युवाहरुका लागि उच्च गुणस्तरीय र जीवन उपयोगी सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्बसाधरण जनतालाई सर्बसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल आम जनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भैरहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न बाञ्छनीय भएकोले,

“नेपालको संविधानको धारा २२१, अनुसूचि ८ मा भएका स्थानीय तहको अधिकारको सूचि नं. ८” तथा “स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज)” बमोजिम म्याङ्लुङ नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :
   (१) यस ऐनको नाम “आधारभुत तथा माद्यमिक शिक्षा ऐन २०७४” रहेको छ ।
   (२) यो ऐन म्याङ्लुङ नगरपालिका भरि लागु हुनेछ ।
   (३) यो ऐन तुरुन्त लागु हुनेछ ।
२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :
   (क) “आधारभुत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
   (ख) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
   (ग) “नगरपालिका” भन्नाले म्याङ्लुङ नगरपालिकालाई सम्झनु पर्छ ।

   (घ) “नगरसभा” भन्नाले म्याङ्लुङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।
   (ङ) “विद्यालय शिक्षा” भन्नाले आधारभुत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ ।
   (च) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।
   (छ) “प्राविधिक तथा ब्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान र सीप भएको विषयवस्तुको सिकाइ गरी प्रविधि र ब्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ ।
   (ज) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ ।
   (झ) “संस्थागत विद्यालय” भन्नाले निजी तवरबाट स्थापना भई नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।
   (ञ) “विद्यालय कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ ।
   (ट) “बालबालिका” भन्नाले १८ बर्ष उमेर पूरा नगरेका ब्यक्तिलाई संझनु पर्छ ।
   (ठ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको ब्यहोरा सम्झनु पर्छ ।
   (ड) अनुमति भन्नाले नेपाल सरकार वा यस नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।
   (ढ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ण) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(त) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा रहित उद्देश्यले स्थापना गरेको सार्बजनिक वा निजी गुठी सम्झनु पर्दछ ।

(थ) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार बर्ष मुनिका बालबालिकाहरुलाई दिईने १ बर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(द) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्ट भिसा (डि.भि.), परमानेण्ट रेजिडेण्ट भिसा (पी. आर) वा ग्रीनकार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ध) “नगर शिक्षा समिति” भन्नाले दफा ९ अनुसारको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(न) “वडा शिक्षा समिति” भन्नाले दफा २१ अनुसारको वडा शिक्षा समितिलाई सम्झनु पर्छ ।

(प) “विद्यालय व्यवस्थापन समिति” भन्नाले दफा १९ अनुसारको समितिलाई सम्झनु पर्छ ।

३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातब्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्टि) संगठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टिमा सार्बजनिक गुठी भए कम्तिमा पाँच जना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनु पर्ने ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीमा तत्काल कायम रहेका ट्रष्टिले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्बजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(८) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा रहित उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्बजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने सर्त र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०)माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन बाधा पर्ने छैन । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै समयमा बन्द गर्न सक्नेछ ।

(११)विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४. परीक्षाको सञ्चालन : विद्यालयमा विभिन्न तहको शिक्षा उत्तीर्ण तथा योग्यताका लागि परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. माध्यमिक शिक्षाको प्रकार : माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिम हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुबै भाषा हुनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभुत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) भाषा विषय बाहेकका अन्य विषयको अध्ययन अध्यापन गराउँदा अंग्रेजी वा नेपाली भाषामा गराउनु पर्नेछ ।

८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक : विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड नघटाई सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले तोकिएको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गर्न सक्नेछ ।

९. नगर शिक्षा समिति :

(१) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको एक नगर शिक्षा समिति रहनेछ :

(क) नगर कार्यपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगर कार्यपालिकाको उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगर कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक -सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको नगर सभाका महिला सदस्यहरु मध्येबाट १ जना -सदस्य

(च) नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको एक एक जना गरी २ जना -सदस्य

(छ) नगरपालिका क्षेत्र भित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा शिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य

(ज) नगर शिक्षक महासंघको अध्यक्ष -सदस्य

(झ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको दलित वा अल्पसंख्यक मध्येबाट १ जना र अन्य १ जना गरी २ जना -सदस्य

(ञ) सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति १ जना -सदस्य

(ट) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(२) शिक्षा समितिका पदेन सदस्यहरु बाहेक मनोनित सदस्यहरुको कार्यकाल तीन (३) वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि नगर शिक्षा समितिले हटाउन वा बर्खास्त गर्न सक्नेछ तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अगाडि मनासिव स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(४) नगर शिक्षा समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो नगर क्षेत्रभित्रको शिक्षा सम्बन्धि कार्ययोजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय, ट्युसन सेन्टर, कोचिङ कक्षा, भाषा कक्षा सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने, सार्ने वा गाभ्ने वा खारेज गर्ने सम्बन्धमा नगरपालिका समक्ष सिफारिस गर्ने ।

(ग) नगर क्षेत्रभित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धि आबश्यक स्रोतको खोजी गर्ने ।

(घ) नगर क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) नगरपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरुको स्वीकृत गर्ने ।

(छ) विद्यालय ब्यवस्थापन समितिहरुलाई आवश्यक निर्देशन दिई जागरुक र सजग गराउने ।

(ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र त्यसको परिचालन गर्ने गराउने ।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षक वीच कुनै विवाद भएमा सोको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आवश्यक सूचकहरुको विकास तथा निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गराउने ।

(ठ) सामुदायिक विद्यालयहरुका शिक्षक तथा कर्मचारी ब्यवस्थापनका लागि नियुक्ति, सरुवा, पदस्थापन, काज र दरबन्दी मिलान गर्ने ।

(ड) विद्यालय, सामुदायिक सिकाइ केन्द्र लगायतका शैक्षिक संस्थाहरुको रेखदेख, समन्वय, सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक पुरस्कार, नसियत दण्ड सजायको ब्यवस्था गरी कार्यान्वयन गर्ने गराउने ।

(त) सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्ति गर्न विषय विशेषज्ञहरुको छनौंट गरी सोको सूचि प्रकाशन गर्ने सूचि प्रकाशन नगरेसम्म शिक्षा विकास तथा समन्वय इकाइले सूचिकृत गरेका विशेषज्ञहरुबाट कार्य गराउने सकिनेछ ।

(त१) संघीय तथा प्रदेश सरकारबाट उपलब्ध भएका भौतिक निर्माण तथा शैक्षिक विकासका लागि प्राप्त कार्यक्रमहरुको न्यायोचित वितरण गर्ने ।

(त२) नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुमा विशेष शिक्षा, अनौपचारिक शिक्षा, खेलकुद, विद्यालय स्तरीय विभिन्न क्लवहरुको गठन तथा सञ्चालनको व्यवस्था मिलाउने ।

(त३) नगर शिक्षा समितिका नीति निर्देशन तथा निर्णय कार्यान्वियन नगर्ने विद्यालय तथा शैक्षिक संस्थाहरुलाई नगरपालकिाबाट उपलब्ध हुने सेवा सुविधाबाट बञ्चित गर्ने ।

(थ) अन्य तोकिए बमोजिमका आवश्यक कार्यहरु गर्ने ।

(५) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख :

(क) नगरपालिकामा कार्यरत शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख नगर शिक्षा समितिको सदस्य सचिवको भुमिकामा रहनेछ ।

(ख) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. नगर शिक्षा अनुगमन समिति :

(१) नगरपालिका क्षेत्र भित्र सञ्चालित विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुका समग्र पक्षको अनुगमन तथा सुपरीवेक्षण गर्न देहाय बमोजिम अनुगमन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) नगरपालिकाको प्रमुख | -संयोजक |
| (ख) नगरपालिकाको उपप्रमुख | -सदस्य |
| (ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (घ) नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक विद्यालयको शिक्षक एकजना | -सदस्य |
| (ङ) नगरशिक्षा समितिले तोकेको लेखा सम्बन्धी ज्ञान भएका व्यक्ति मध्ये एकजना | -सदस्य |
| (च) नगर शिक्षक महासंघको अध्यक्ष | -सदस्य |
| (छ) नगरपालिकाको शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

(२) नगर शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने : नगरपालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याहरुको पहिचान गरी तोकिए बमोजिमको घुम्ति विद्यालयहरु सञ्चालन गर्न सक्नेछ ।

१२. सामुदायिक सिकाई केन्द्रको सञ्चालन : नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको सञ्चालन र रेखदेखको लागि देहाय बमोजिमको ब्यबस्थापन समिति रहनेछ, व्यस्थापन समितिको निर्णय बमोजिम परिचालिका नियुक्ति हुनेछः

(१) सामुदायिक सिकाइ केन्द्र रहेको वडामा बसोवास गरेका शिक्षा प्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(२) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको महिला वा दलित वडा सदस्य वा सम्बन्धित वडाको महिला मध्येबाट नगर शिक्षा समितिले तोकेको १ जना -सदस्य

(३) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले तोकेको १ जना -सदस्य

(४) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य

(५) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रको परिचालिका -सदस्य सचिव

१३. झिकिएको ।

१४. झिकिएको

१५. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिइनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) नगरपालिकाले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि तथा भौतिक विकासका लागि नगर शिक्षा समितिको सिफारिसमा थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

१६. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने : नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

१७. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने : नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम र थप अनुदान रकम दिन सक्नेछ ।

१८. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था : प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

१९. विद्यालय ब्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफूमध्येबाट छानी पठाएका १ जना महिला सहित २ जना -सदस्य

(ख) विद्यालय रहेको नगर पालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको सदस्य १ जना -सदस्य

(ग) विद्यालयका संस्थापक, चन्दादाता वा विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका १ जना महिला सहित २ जना -सदस्य

(घ) स्थानीय बुद्धिजिवी, समाजसेवी वा शिक्षाप्रेमी व्यक्तिहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका २ जना -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको १ जना -सदस्य

(च) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका स्तरका उद्योग तथा वाणिज्य संघका १ जना नगर शिक्षा समितिले मनोनयन गरेको प्रतिनिधि सदस्य रहनेछन् ।

(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यहरुमध्येबाट नगर शिक्षा समितिले तोकेको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा उपलब्ध भए १ जना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(६) विद्यालय व्यवस्थापन समितिको कार्यावधि ३ वर्षको हुनेछ । तर हाल म्याद पूरा नभएको व्यवस्थापन समितिले पूरा अवधि काम गर्न बाधा पर्ने छैन ।

(७) ब्यवस्थापन समितिको म्याद समाप्त हुनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ ब्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्नेछ । गठन हुन नसकेमा नगर शिक्षा समितिले अस्थायी समिति गठन गर्न सक्नेछ ।

(८) ब्यवस्थापन समिति गठन सम्बन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय ब्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका ब्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) नगरपालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखाको प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको एकजना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(११) मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन (३) बर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अगाडि वा समिति बिगठन हुनु अगाडि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१२) सामुदायिक विद्यालयको विद्यालय ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पतिको लगत राख्ने, राख्न लगाउने र सोको सुरक्षा तथा संरक्षण गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अद्यावधिक गराइ राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई गराउने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयको व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्ने गराउने ।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका, करारमा नियुक्ति भएका र सरुवा भएका शिक्षकहरुलाई हाजिरी गराउने तथा रमानाको ब्यबस्था गर्ने ।

(ज) नगर शिक्षा समितिले तोकेको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।

(झ) लेखा परीक्षकको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ट) तोकिए बमोजिम जिम्मेवारी पूरा नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने र उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने ।

(ठ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च ब्यहोर्ने गरी नियुक्ति वा वढुवा गरेका शिक्षकको लागि सेवा सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुबिधाको ब्यवस्था गर्ने ।

(१३)संस्थागत विद्यालयको विद्यालय ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको ब्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयले नेपाल सरकारबाट तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने ।

(ङ) अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पूरा गरेका ब्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(छ) नेपाल सरकारले तोकेको न्युनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब उपलब्ध गर्ने ।

(ज) अनुशासनहीन शिक्षकहरु उपर कानूनी कारबाही गर्ने ।

(झ)शिक्षा ऐन र नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित ब्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नियम, नीति तथा निर्देशनहरुको पालना गर्ने ।

(१४)विद्यालय ब्यवस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१५)शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र ब्यवस्थापन सम्बन्धि ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

२०. विद्यालय ब्यवस्थापन समिति विगठन गर्न सकिने :

(१) कुनै विद्यालयको ब्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा नगरेको नगर शिक्षा अनुगमन समितिले ठहर गरी सिफारिस गरेमा त्यस्तो विद्यालय ब्यबस्थापन समितिलाई नगर शिक्षा समितिले विगठन गर्न सक्नेछ तर त्यसरी विगठन गर्नु अघि विद्यालय ब्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय ब्यवस्थापन समिति विगठन भएपछि अर्को विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय ब्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यो ऐन तथा ऐन बमोजिमको नियमावली जारी भएपछि म्याद समाप्त भएका विद्यालयहरुले बढीमा एक महिनाभित्र यस ऐन बमोजिम विद्यालय ब्यवस्थापन समिति गठन गरिसक्नु पर्नेछ । उक्त ब्यवस्थापन समिति गठनको निम्ति देहाय बमोजिमको "विद्यालय ब्यवस्थापन समिति गठन सहयोग समिति" गठन हुनेछ :

(क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -संयोजक

(ख) सम्बन्धित वडाको वडा सचिव -सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य

२१. वडा शिक्षा समिति :

(१) नगरपालिकाको वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :

(क) सम्बन्धित वडा समितिको अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ग) वडा भित्रको विद्यालयको प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य

(घ) वडाभित्रका शिक्षा प्रेमीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको एक जना महिला समेत दुई जना -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२२. नगर शिक्षा विकास कोष :

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम ।

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम ।

(ङ) चन्दाबाट प्राप्त रकम ।

(च) शुल्क तथा अन्य स्रोतबाट प्राप्त रकम ।

२३. कोषको सञ्चालक समिति :

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालक समितिको काम, कर्तब्य र अधिकार तथा बैठक सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२४. विद्यालय कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमको स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम ।

(ख) नगरपालिका शिक्षा कोषबाट प्राप्त रकम ।

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम ।

(घ) चन्दा वा दानदातब्यबाट प्राप्त रकम ।

(ङ) अन्य कोषबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

२५. नगरपालिकाबाट निर्देशन दिन सक्ने :

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय ब्यवस्थापन समिति र विद्यालयलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय ब्यवस्थापन समिति र विद्यालयको कर्तब्य हुनेछ ।

२६. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने : वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले हाल सञ्चालन भईरहेका ३० मिनेटको हिडाइ दूरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

२७. विद्यालयको सम्पति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्बजनिक सम्पति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगर शिक्षा कोषमा जम्मा गरिने ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्बजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्बजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप परिबर्तन गर्न पाईने छैन ।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाईने छैन ।

२८. विद्यालयलाई छुट र सुबिधा :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट र सुबिधा तोकिए बमोजिम हुनेछ ।

२९. अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३०. विद्यालयको वर्गीकरण : विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ ।

३१. विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३२. छात्रामैत्री वातावरण व्यवस्थापन/सञ्चालन : नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा छात्रामैत्री वातावरण निर्माणका लागि देहाय बमोजिम माध्यमिक विद्यालय स्तरीय छात्रामैत्री संयोजन समिति रहनेछ :

(१) नगरपालिकाको उपप्रमुख -संयोजक

(२) सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनौट गरेको लैगिक सम्पर्क बिन्दु शिक्षक मध्ये नगर शिक्षा समितिबाट मनोनित एकजना -सदस्य

(३) संस्थागत माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनौट गरेको सम्पर्क शिक्षक मध्ये नगर शिक्षा समितिबाट मनोनित एकजना -सदस्य

(४) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित गरेको एकजना -सदस्य

(५) नगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य संस्थाका महिला प्रतिनिधि मध्ये नगर शिक्षा समितिबाट मनोनित एकजना -सदस्य

(६) नगरपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(७) नगरपालिकाको शिक्षा शाखाको प्रमुख -सदस्य सचिब

३३. ऐनको दफा १९ बमोजिम गठित व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई बढिमा ११ सदस्यीय शिक्षक अभिभावक संघ गठन गर्ने छ । विद्यालय व्यवस्थापन समितिले समिति गठन भएको १ महिना भित्र शिक्षक अभिभावक संघको गठन गर्नु पर्ने छ । शिक्षक अभिभावक संघको पदावधि विद्यालय व्यवस्थापन समितिको पदावधि सँगै समाप्त हुने छ ।

३४. विद्यालयको सामाजिक परीक्षण समिति : सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक बर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछ ।

(१) शिक्षक अभिभावक संघको अध्यक्ष -संयोजक

(२) अध्ययनरत बिद्यार्थीका अभिभावकहरु मध्येबाट शिक्षक अभिभावक संघले तोकेको एकजना महिला -सदस्य

(३) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासमितिको सदस्य एकजना -सदस्य
(४) सम्बन्धित विद्यालयको बालक्लबको अध्यक्ष -सदस्य
(५) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक -सदस्य सचिव

३५. शुल्क सम्बन्धि व्यवस्था :

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयले अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगर शिक्षा समतिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा नगर शिक्षा समितिले विद्यालयबाट उपलब्ध गराएको सुबिधाको आधारमा तोक्नेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगर शिक्षा समितिले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगर शिक्षा समितिले एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

३६. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ :

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,
(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,
(ग) बारम्बार मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा,
(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले नगर शिक्षा समितिको अनुमति नलिई कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,
(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा वा खुलेआम कुनै राजनैतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा वकालत गरेको प्रमाणित भएमा,
(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफीको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति” भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

३७. स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

३८. शैक्षिक योग्यता : विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३९. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने : नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

४०. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगर शिक्षा समितिले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४१. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :

(१) दफा ३३ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाईएको वा बर्खास्त भएका शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि समेत पाउनेछ ।

४२. शिक्षकको नियुक्ति र सरुवा :

(१) नगरपालिका भित्रका विद्यालयहरुको रिक्त शिक्षक तथा कर्मचारीको पदपूर्ति नगर शिक्षा समितिले गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एक शिक्षक तथा कर्मचारी छनौट समिति गठन गरिनेछ ।

(क) सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) नगरपालिकाले तोकेको शिक्षा हेर्ने अधिकृत मध्ये एकजना -सदस्य

(ग) नगरपालिकाले तोकेको सम्बन्धित तहको बिशेषज्ञ २ जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(३) उपदफा (२) को (ग) को सन्दर्भमा विषय विशेषज्ञको सूचि नगरपालिकाले तयार नपारेसम्म शिक्षा विकास तथा समन्वय इकाइमा सूचिकृत भएका विषय विशेषज्ञको सूचि प्रयोग गर्न बाधा पुगेको मानिने छैन ।

(४) नगर भित्रका विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा नगर शिक्षा समितिले गर्नेछ ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४३. शिक्षकको दरबन्दी मिलान :

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ ।

४४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपांगता भएकाहरु, महिला, दलित वा जनजाति र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौंट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगरपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रबृत्ति छनौंट समिति रहनेछ ।

(३) समितिले छनौंटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौंटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४५. तलव भत्ता नपाउने तथा सेवा अवधि गणना नहुने अवस्था : दफा ३८ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

४६. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धि व्यवस्था :

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगर शिक्षा समितिले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक तथा कर्मचारीको दरबन्दी रहनेछ ।
(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुबिधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।
(३) सामुदायिक विद्यालयमा सम्बन्धित विद्यालयको माथिल्लो तहको वरिष्ठ स्थायी शिक्षक प्रधानाध्यापक हुनेछ । माथिल्लो तहको वरिष्ठ स्थायी शिक्षक नभए एक तह मुनिको वरिष्ठ स्थायी शिक्षक नै प्रधानाध्यापक हुनेछ ।
(४) विद्यालयले सहायक प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापक तोक्दा वरिष्ठ स्थायी शिक्षकबाट नै तोक्ने व्यवस्था गर्नु पर्नेछ ।
(५) उपदफा ३ र ४ वमोजिम नभएको पाइएमा नगर शिक्षा समितिले आवश्यक प्रधानाध्यापक तथा निमित्त प्रधानाध्यापकको व्यवस्था गर्नेछ ।

४७. शिक्षक तथा कर्मचारीले पाउने विदा तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

४८. अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धि प्रकृया तोकिए बमोजिम हुनेछ ।

४९. आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षाको सञ्चालन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. विद्यार्थीलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :
(१) कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।
(२) विद्यालयमा अध्ययनरत कुनै पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

५१. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :
(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाइने छैन
(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धि ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

५२. नगरपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयले बालमैत्री आचार संहिताको पालना गर्नु पर्ने : नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र शुरु भएको १५ दिन भित्र बालमैत्री आचार संहिता निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराइ नगर शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ । सो आचार संहितामा आवश्यकता अनुसार नगर शिक्षा समितिले थपघट गरी सम्बन्धित विद्यालयलाई पालना गर्न निर्देशन जारी गर्नेछ ।

५३. प्रगति बिबरण बुझाउनु पर्ने :
संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण सहित प्रगति प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

५४. दण्ड सजाय :
(१) कसैले विद्यालयको चल अचल सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो ब्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले हिनामिना गरेको बिगो असुल उपर गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।
(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो ब्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ ।
(क) प्रश्न पत्रको गोपनीयता भंग गरेमा,
(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारी पूर्वक कार्य गरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित काम गरेमा ,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,
(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,
(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा अन्य कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अन्य कुनै कानून विपरीतको कार्य गरे गराएमा ।

(३) देहायका अवस्थामा निजी स्रोतका शिक्षक बाहेक अन्य दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी नगरपालिकाले नगरपालिकाको क्षेत्र भरी सरुवा गर्न सक्नेछ ।

(क) विद्यार्थीहरुबाट कुनै शिक्षक उपर व्यापक गुनासो आएमा,

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा,

(ग) शिक्षकको बानी व्यवहार, आचरण तथा नैतिक पतन देखिने क्रियाकलाप सम्बन्धि विवाद सिर्जना भएमा,

(घ) शिक्षकले विद्यालय समयमा मद्यपान गरी आएमा वा विद्यालय परिसरमा धुम्रपान गरेमा,

(४) कुनै शिक्षक विना सूचना विद्यालयमा अनुपस्थित भएमा वा विदा स्वीकृत नगराई बिदा बसेमा उक्त अवधिको तलब कट्टा गरी राजश्वमा दाखिला गरिनेछ , सो अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

५५. पुनरावेदन : तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा ३५ दिन भित्र पुनरावेदन लाग्नेछ ।

५६. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर शिक्षा समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिका वा नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

५७. संक्रमणकालिन व्यवस्था :

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर शिक्षा समितिले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापन गर्ने अनुमति नगरपालिकाले दिनेछ ।

५८. बाधा अड्काउ फुकाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐनमा परे सरह मानिनेछ ।

५९. बचाउ र लागु नहुने :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टचार निवारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले दिदै आएको सुबिधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय, र कारवाही गर्न बाधा पर्ने छैन ।

(५) संविधानको धारा २२६ को उपधारा २ बमोजिम प्रदेश कानूनसँग बाझिएमा, बाझिएको हदसम्म सोही प्रदेश कानुन बमोजिम हुनेछ ।